फोन / फ्याक्स:०६१-४६२६७४
e-mail: ec.deo.kaski@gmail.com
deo.kaski@election.gov.np

निर्वाचन आयोग

# प्रदेश निर्वाचन कार्यालय

## गण्डकी प्रदेश, पोखरा

निर्वाचन आयोग प्रदेश निर्वाचन कार्यालय गण्डकी प्रदेश, पोखरा २०७७

मितिः २०७८।६।११

## प्रेस विज्ञप्ति

**प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयका लैङ्गिक तथा समावेशी सम्पर्क व्यक्तिहरुका लागि प्रशिक्षण कार्यक्रम**

निर्वाचन आयोगको आयोजनमा प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयका लैङ्गिक तथा समावेशी सम्पर्क व्यक्तिहरुका लागि २ दिने प्रशिक्षण कार्यक्रम मिति २०७८।०६।११-१२ गते पोखरामा संचालन भइरहेको छ ।

कार्यक्रमको पहिलो दिन निर्वाचन आयोगका माननीय निर्वाचन आयुक्त डा. जानकी कुमारी तुलाधरले कार्यक्रमको समुद्घघाटन गर्दै संविधानले प्रदान गरेको संवैधानिक दायित्व पुरा गर्ने क्रममा निर्वाचन आयोगले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनिय र मितव्ययी बनाउने दिर्घकालिन सोचका साथ संवैधानिक व्यवस्था, विद्यमान कानुन, महिला सशक्तिकरण र समावेशी नीति र विगतका सिकाई तथा उपलब्धिहरुको समीक्षा गर्दै निर्वाचन आयोगले पनि **निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति २०७७**तर्जुमा गरी कार्यान्वयनमा ल्याएको बताउनुभयो ।

कार्यक्रममा सहभागीहरुलाई प्रदेश निर्वाचन अधिकारी श्री हुमनाथ पराजुली र विकास साझेदार संस्था International Foundation for Election System **(IFES)** का आवासीय निर्देशक श्री पास्कलिन क्रोनले स्वागत मन्तव्य राख्नुभएको थियो भने निर्वाचन आयोगका उपसचिव श्री सुर्य प्रसाद गौतमले कार्यक्रमको औचित्यमाथी प्रकाश पार्नुभएको थियो र कार्यक्रमको संचालन ममता मल्ल श्रेष्ठले गर्नुभएको थियो ।

कार्यक्रममा निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति, २०७७ लाई अभिमुखीकरण गर्न विभिन्न ८ वटा कार्यपत्र तयार गरी प्रस्तुत गरिनेछ । कार्यक्रमको प्रस्तुतीकरण आयोग र प्रदेश निर्वाचन कार्यालय, पोखरा बाट हुनेछ ।

कार्यक्रममा बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेश अन्तरगतका २५ जिल्लाका निर्वाचन कार्यालयका लैङ्गिक तथा समावेशी सम्पर्क व्यक्तिहरु, साझेदार संस्था **IFES** का प्रतिनिधहरुको सहभागिता रहेको छ भने कार्यक्रम भोली मिति २०७८।०६।१२ गते सम्पन्न हुनेछ ।

........................
(हुमनाथ पराजुली)
**प्रदेश निर्वाचन अधिकारी**